# नेपाल इन्जिनियरिङ कलेज

# भर्ना वर्ष २०२६

## प्रादेशिक छात्रवृत्ति तथा Community Scheme सम्बन्धी जानकारी

## १. प्रादेशिक छात्रवृत्ति

**सिट संख्या : जम्मा ७ (सात) वटा** (प्रत्येक प्रदेशबाट जम्मा एक जनाले कार्यक्रम नदोहोरिने गरी सबै प्रदेश गरी अधिकतम ७ जनाले पूर्ण छात्रवृत्ति प्राप्त गर्ने)

### न्यूनतम योग्यता

- प्रादेशिक छात्रवृत्ति प्रवेश परीक्षा-२०२६ मा सामेल भई योग्यताक्रम सूची (Merit List) मा आउने विद्यार्थीहरूलाई कलेजको नियमअनुसार छात्रवृत्ति उपलब्ध गराइने।
- कक्षा ६ देखि १० सम्म (पोखरा विश्वविद्यालयको नियमअनुसार) सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिइने।
- कक्षा ६ देखि १० सम्म सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीबाहेक, कम्तीमा कक्षा ९ र १० सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूलाई माथि उल्लेखित प्राथमिकता समूहका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिसकेपछि पनि छात्रवृत्ति सिट रिक्त रहेको अवस्थामा मात्र योग्यताक्रम (Merit List) का आधारमा छात्रवृत्ति प्रदान गरिनेछ।
- कुनै प्रदेशबाट सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका योग्य विद्यार्थीहरू नभएमा निजी/संस्थागत विद्यालयका विद्यार्थीहरूलाई पनि Merit List अनुसार ग्राह्यता दिइनेछ। (nec नियमअनुसार)
- प्रत्येक प्रदेशबाट प्रवेश परीक्षामा उच्च अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि छनौट गरिनेछ साथै योग्यताक्रम अनुसार दुई जनासम्म Waiting List मा विद्यार्थीहरूको नाम समावेश गरिनेछ।

### कार्यक्रम छनौटको व्यवस्था

- ७ (सात) वटै प्रदेशमध्येबाट उच्चतम अंक ल्याई प्रथम स्थान हासिल गर्ने विद्यार्थीले आफ्नो प्रथम रोजाइको कार्यक्रममा भर्ना हुनको लागि छात्रवृत्ति प्राप्त गर्नेछ।
- बाँकी प्रदेशहरूबाट उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरूले योग्यताक्रम बमोजिम नदोहोरिने गरी बाँकी उपलब्ध कार्यक्रमहरू छनौट गर्न पाउनेछन्।
- यस कोटाअन्तर्गत भर्नाको क्रममा कुनै पनि विवाद भएमा सो उपर अन्तिम निर्णय गर्ने अधिकार कलेज प्रशासनसँग रहेनछ र सबै निर्णय कलेज प्रशासनले तय गरेबमोजिम हुनेछ।

### छात्रवृत्तिको किसिम

- पूर्ण छात्रवृत्ति।
- Pokhara University, Engineering Council, Survey Camp /Study Tour /Field Visit /SWECAD/ Security Deposit) आदिको अतिरिक्त शुल्क लाग्नेछ।

## २. Community Scheme

### सिट संख्या :

| PROGRAMS | SEAT NO. | PROGRAMS | SEAT NO. |
|---|---|---|---|
| B. Architecture | 02 | B.E. Electrical & Electronics | 02 |
| B.E. Civil | 06 | B.E. Information & Communication | 02 |
| B.E. Computer | 04 | B.E. Civil & Rural | 02 |
| B.E. Civil for Diploma Holders (Evening Program) | | | 02 |

- विभिन्न कार्यक्रमहरूमा कुल २० (बीस) वटा सिटमा आंशिक छात्रवृत्ति ।

### योग्यता

- प्रादेशिक छात्रवृत्ति प्रवेश परीक्षा-२०२६ मा उत्तीर्ण हुनुपर्ने। (nec नियमानुसार)।
- +2 वा समकक्ष सरकारी/सामाजिक शैक्षिक संस्थाबाट उत्तीर्ण भएको हुनुपर्ने।
- कक्षा ६–१० सरकारी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई प्राथमिकता (PU नियमअनुसार)।
- +2 मा पूर्ण छात्रवृत्ति (सरकारी स्तरको) पाएका विद्यार्थीहरूले पनि आवेदन दिन सकिने।

### छनोट प्रक्रिया

- प्रवेश परीक्षाको नतिजा प्रकाशन भएपछि योग्यताक्रम सूचीमा समावेश भएका विद्यार्थीहरूलाई कलेजको नियमअनुसार Community Scheme बमोजिम आंशिक छात्रवृत्ति वितरण गरिनेछ।

### नोट

- सबै प्रक्रिया nec नियमअनुसार।
- विस्तृत जानकारी कलेजको Website मा राखिएको Fee Structure-2026 वा *nec*-Prospctus-2026 बाट प्राप्त गर्न सकिनेछ जसमा **Pokhara University, Engineering Council, Survey Camp /study tour /filed visit /SWECAD/ Security Deposit** आदिको अतिरिक्त शुल्क लागू हुनेछन्।
- यस कोटा अन्तर्गत भर्नाको क्रममा कुनै पनि विवाद भएमा सो उपर अन्तिम निर्णय गर्ने अधिकार कलेज प्रशासनसँग रहेनछ र सबै निर्णय कलेज प्रशासनले तय गरे बमोजिम हुनेछ।

### प्रादेशिक छात्रवृत्ति र Community Scheme को लागि चाहिने कागजातहरू

1. सम्बन्धित विद्यालयबाट सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेको सिफारिस पत्र ।
2. स्थानीय निकायबाट आफू कुन प्रदेशको वासिन्दा हो त्यसको सिफारिस पत्र ।

**(सिफारिसपत्रको ढाचाँ https://entrance.nec.edu.np/ मा प्राप्त गर्न सकिनेछ ।)**